नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०६।२०)

## सुरक्षा गार्ड र कुचिकार आवश्यकता सम्बन्धी सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम राष्ट्रिय अनुसन्धान विभागमा रिक्त रहेको सहायक सूचक (सुरक्षा गार्ड) र कुचिकार पदमा पदपूर्ति गर्नुपर्ने भएकोले विज्ञापन प्रकाशन गर्ने छनौट समितिको निर्णयानुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

| विज्ञापन नम्बर | पद तथा श्रेणी | सेवा | माग पद संख्या | खुल्ला | समावेशी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ./ज. | मधेशी | महिला | दलित | पि.क्षे. |
| १/०७७/०७८ | सहायक सूचक (सुरक्षा गार्ड) (रा.प.अनं.चतुर्थ श्रेणी सरह) | विशेष | २७ | १५ | ५ | ३ | २ | २ | – |
| २/०७७/०७८ | कुचिकार (श्रेणी विहिन) | विशेष | ३ | २ | १ | – | – | – | – |

१. **शैक्षिक योग्यता :-** सुरक्षा गार्डको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा उत्तीर्ण वा सो सरहको उपाधि प्राप्त गरेको र कुचिकारको हकमा साधारण लेखपढ गर्न जानेको हुनुपर्नेछ ।

२. **उमेर :-**सुरक्षा गार्डको हकमा २०७७ साल बैशाख १ गते १८ वर्ष पुरा भएको र २५ वर्ष ननाघेका । साथै कुचिकार पदमा २०७७ साल बैशाख १ गते १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ ।

३. **परीक्षाको किसिम :-** सुरक्षा गार्डको हकमा शारीरिक तन्दुरुस्ती परीक्षण, स्वास्थ्य परीक्षण, General Intelligence Test (GIT) र अन्तरवार्ता हुनेछ । कुचिकारको हकमा शारीरिक तन्दुरुस्ती परीक्षण, स्वास्थ्य परीक्षण र अन्तरवार्ता हुनेछ ।

**(दरखास्त पेश गर्ने उम्मेदवार (परीक्षार्थी) हरुको संख्या अधिक भएको खण्डमा "पूर्व योग्यता परीक्षा (pre-test) " लिई सफल उम्मेदवारहरुलाई मात्र अन्य निर्धारित परीक्षा कार्यक्रममा सामेल गराइनेछ )**

४. **दरखास्त फाराम र पाठ्यकम पाइने स्थान :-** राष्ट्रिय अनुसन्धान विभागको website www.nidept.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

५. **संलग्न गर्नुपर्ने कागजातहरु :-**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो - ३(तीन) प्रति ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १(एक) प्रति ।

(ग) तोकिएको शैक्षिक योग्यता अनुसार उत्तिर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

६. **दरखास्त दस्तुर** :- सुरक्षा गार्ड पदको लागि रु १५०।-(एक सय पचास रुपैयाँ) र कुचिकार पदको लागि रु. १००।- (एक सय रुपैयाँ) दरखास्त दस्तुर बुझाउनु पर्नेछ र एक भन्दा बढी प्रत्येक समूहका लागि रु. ३०।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ । परीक्षा दस्तुर नेपालभरका **एभरेष्ट बैंकको खाता नं. ००१००१०६२००००० वा** राष्ट्रिय बाणिज्य बैंकका खाता नम्बर १०००१००२०००१००००**कार्यालयको कोड नम्बर ३०१०७३५०१, कार्यालयको नाम रा.अ.वि.र राजश्व शिर्षक नम्बर १४२२४** मा बुझाई सो को सक्कल प्रति भौचर दरखास्त फारामसाथ बुझाउनुपर्नेछ ।

(समावेशी तर्फमात्र आवेदन दिने सुरक्षा गार्ड पदका उम्मेदवारहरुले रु. **१५०।- (एक सय पचास रुपैयाँ)** र कुचिकार पदका उम्मेदवारहरुले रु. **१००।- (एक सय) दस्तुर अनिवार्य बुझाउनु पर्नेछ**)

**नोट : राष्ट्रिय बाणिज्य बैंकबाट परीक्षा दस्तुर बुझाउने क्रममा कठिनाई भएको खण्डमा एभरेष्ट बैंकको उल्लिखित खाताबाट राजश्व दस्तुर बुझाउन सकिनेछ ।**

७. **दरखास्त दर्ता गरिने अवधि** :- गोरखापत्रमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७७०७१९ गतेसम्म) भित्र दरखास्त दर्ता गर्न सकिनेछ ।

८. **दरखास्त फाराम दर्ता गर्ने स्थान** :- राष्ट्रिय अनुसन्धान विभाग सिंहदरवार, काठमाण्डौं,
राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालय, धरान,
राष्ट्रिय अनुसन्धान ५ नं. प्रदेश कार्यालय, बुटवल र
राष्ट्रिय अनुसन्धान सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

९. **परीक्षा कार्यक्रम र परीक्षा केन्द्र** :- विभागको वेभसाइट www.nidept.gov.np मा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

१० **अन्य विवरण** :-

(क) रित नपुऱ्याई दरखास्त भरेको उम्मेदवार परीक्षामा संलग्न हुन पाउने छैन ।

(ख) लोकसेवा आयोगसँग परामर्श लिई तयार पारिएको राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त र नेपाल विशेष सेवा नियमावलीको आधारमा पदपूर्ति गरिनेछ ।

(ग) उम्मेदवारहरुले परीक्षामा उपस्थित हुँदा **प्रवेशपत्र र नागरिकता**को सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(घ) परीक्षा कार्यक्रम पाठ्यक्रम एवं परीक्ष योजनामा तोकिएबमोजिम चरणबद्ध रुपमा सम्पन्न गरिनेछ ।

(ङ) स्वास्थ्य परीक्षण तोकिएको सरकारी अस्पतालबाट गराईनेछ ।

(च) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ पाएको र कुनै अवैध संस्था वा संगठनको सदस्य रहेको व्यक्ति परीक्षामा संलग्न हुन पाउनेछैन ।